| सम्बत २०७६ सालको ऐन नं. :- | ३ |
|---|---|

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन ऐन, २०७६

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७६/०३/३० |
| प्रमाणीकरण मिति : | २०७६/०३/३१ |
| स्थानीय राजपत्रमा प्रकाशित मिति : | २०७६/०४/०१ |

**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**

**खोटाङ**

**१ नं प्रदेश**

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन ऐन, २०७६

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावना:** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन आर्थिक बर्ष २०७६।०७७ को प्रारम्भबाट लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८३,८७,१६,०१६।००(अक्षरेपी त्रियासी करोड सतासी लाख सोह्र हजार सोह्र मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका नगर कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा जुन शीर्षकमा रकम सार्ने हो सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट कुनै एक वा एक भन्दा बढी शीर्षकमा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा बढ्ने गरी रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची १
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संचित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका | १४०४२७ | १०५२८९ | | **२४५७१६** |
| ३ | | वडा समिति | ९१०८ | ५७५६० | | **६६६६८** |
| | | **जम्मा** | **१४९५३५** | **१६२८४९** | | **३१२३८४** |
| ४ | | सशर्त अनुदान | २९६६५३ | २८९४७ | | **३२५६००** |
| ५ | | सामाजिक सुरक्षा | १६०००० | ० | | **१६००००** |
| ६ | | संघीय समपूरक अनुदान अ.ल्या. | ० | ६०५३ | | **६०५३** |
| ७ | | संघीय विशेष अनुदान अ.ल्या. | ० | १२१७९ | | **१२१७९** |
| ८ | | प्रदेश सरकार समपूरक अनुदान | ० | २२५०० | | **२२५००** |
| | | **कुल जम्मा** | ६०६१८८ | २३२५२८ | | ८३८७१६ |